'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं

### प्रशासन निर्देशनालय

### जनसाधन विभाग

### सुशासन व्यवस्थापन महाशाखा

पत्र संख्याः २०८१/८२ (सु.व्य.म.)

च.नं: ०४

मिति २०८१/०४/०२

श्री अर्थ निर्देशनालय, ने.वि.प्रा.।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय, ने.वि.प्रा.।
श्री प्रशारण निर्देशनालय, ने.वि.प्रा.।
श्री उत्पादन निर्देशनालय, ने.वि.प्रा.।
श्री आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा.।
श्री योजना अनुगमन तथा प्रविधि निर्देशनालय, ने.वि.प्रा.।
श्री इञ्जिनियरिङ्ग सेवा निर्देशनालय, ने. वि. प्रा.।
श्री व्यवसाय विकास निर्देशनालय, ने.वि.प्रा.।

विषयः रमाना नलिने/नदिने कर्मचारीहरुको विवरण उपलब्ध गराई दिने सम्वन्धमा ।

नेपाल विद्युत प्राधिकरणवाट विभिन्न समयमा सरुवा/बढुवा पदस्थापन हुने कर्मचारीहरूले कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ को विनियम ५४ को उप विनियम (४) मा सरुवा पत्र प्राप्त भएको मितिले २१ (एक्काईस) दिन भित्र रमाना नलिने कर्मचारीहरू र रमाना नदिने कार्यालय प्रमुखलाई सोही विनियमावलीको विनियम १४६ अनुसार विभागीय कारवाही गर्ने व्यवस्था रहेको विदितै छ।

प्रचलित नियमानुसार तोकिएको मितिभित्र रमाना नलिने/नदिने अभ्यासवाट कार्यालय सञ्चालनमा समस्या हुन गएको साथै कर्मचारीहरूमा अनुशासनहिनता बढ्दै गई कानूनी शासनको प्रत्याभूत हुन नसकी दण्डहिनता बढ्दै गएको हुँदा त्यस्ता कर्मचारीहरूलाई विभागीय कारवाही प्रक्रिया अगाडि बढाउन आवश्यक भएकोले सरुवा/बढुवा पदस्थापन भई तोकिएको समयभित्र रमाना नलिने/नदिने कर्मचारीहरूको विवरण यथाशिघ्र उपलब्ध गराई दिनु हुन र त्यस्ता कर्मचारीहरूको आ.व. ०८०/०८१ को कार्यसम्पादन मूल्यांकन समेत सोही वमोजिम गर्न/गराउनु हुन मिति २०८१/०३/२७ को निर्णयानुसार अनुरोध छ ।

२०८१।०४।०२

(राम प्रसाद पौडेल)
प्रमुख

**बोधार्थः**

श्री ने.वि.प्रा. का सहायक तथा सम्वद्ध कम्पनीहरू :
श्री आन्तरिक लेखा परीक्षण विभागः परीक्षणको क्रममा औल्याइएका विवरण उपलव्ध गराई दिनुहुन ।
श्री कर्मचारी प्रशासन शाखाः अभिलेख उपलव्ध गराईदिनु हुन।

सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२, फ्याक्स : ०१४१५३००९
Email: neamd@nea.org.np, Web: www.nea.org.np